# प्रेस विज्ञप्ति

मुलुकको आन्तरिक राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको अहम भुमिका रहेको छ । विभागले आन्तरिक राजस्व परिचालनलाई अझ प्रभावकारी बनाउन अन्तराष्ट्रिय स्तरमा अवलम्बन गरिएका कर सम्बन्धी नविनतम् सिद्धान्त र व्यवहारहरुलाई आत्मसातगर्दै कर कानून र संरचनामा समसामयिक परिमार्जन र सुधार गर्दै आएको छ । कर प्रशासनलाई दक्ष, व्यवसायिक एवं आर्दश कर प्रशासनको रुपमा स्थापितगर्दै आमनागरिकको चाहना अनुरुप समतामूलक कर प्रणालीको विकास गर्ने दिशामा केन्द्रित रहि कर प्रशासनलाई समयानुकूल बनाउन रणनीतिक सुधार योजना, व्यवसायिक कार्ययोजनाहरुको आधारमा बार्षिक कार्यगत लक्ष्यहरु तय गरी आफ्ना गतिविधिहरु संचालन गरिरहको छ ।

नेपालमा कानूनी व्यवस्था सहित आयकरको शुरुवात भएको झण्डै छ दशक र मूल्य अभिबृद्धि कर शुरुवात भएको पनि दुई दशक पुरा भैसकेको छ । मूल्य अभिबृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने अभिप्रायले यो कर लागु भएको २०५४ मंसिर १ गतेलाई स्मरण गर्दै हरेक वर्ष राष्ट्रिय कर दिवस तथा कर सप्ताह मनाउने गरिएको छ । यस अवसरमा करदातालाई केन्द्रविन्दुमा राखी करदाताहरुको अधिकतम सहभागिता सहित निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुको सहयोग तथा सहकार्यमा रचनात्मक कार्यक्रमहरु संचालन हुने र यी कार्यक्रमहरुबाट आम नागरिकमा कर सम्बन्धी जागरण आउने, करको दायरा थप विस्तार हुने तथा गुणस्तरिय सेवाप्रवाह भई  स्वेच्छिक कर सहभागिता अभिबृद्धि हुने भएकोले दिवसको विशेष महत्व रहेको छ ।

यस वर्ष **"करः समृद्ध नेपाल, सुखी नेपालीको भर"** भन्ने मूल नाराका साथ आन्तरिक राजस्व विभागले मंसिर १ देखि ७ गतेसम्म सप्ताहरुपी कार्यक्रमहरु आयोजना गरेको छ । कर सप्ताहको पहिलो दिन विभागले निम्नानुसारको कार्यक्रम गरी **कर दिवस** मनाएको छ ।

१. मंसिर १ गते विहान कर प्रशासनका कर्मचारीहरु, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, राष्ट्रिय उद्योग व्यापार संगठन लगायतका बस्तुगत संघ संगठनहरुका पदाधिकारी, करदाताहरु समेतको सहकार्यमा "**करः समृद्ध नेपाल, सुखी नेपालीको भर**" भन्ने मूल नाराको व्यानर तथा कर संग सम्बन्धित सहायक नाराहरु उल्लेखित प्ले कार्ड सहित विभाग परिसरबाट प्रभातफेरी कार्यक्रम शुरु भई नेपाल प्रज्ञा प्रतिष्ठानमा सचालन हुने मूल समारोहमा परिणत भयो। कार्यक्रमको उद्‌घाटन माननीय अर्थ मन्त्री डा.युवराज खतिवडाले गर्नु भएको थियो। सो अवसरमा विभागको दोस्रो रणनीतिक योजना र कर दिवस स्मारिकाको लोकार्पण गरियो ।

२. कार्यक्रममा अर्थसचिव राजन खनाल, सचिव(राजस्व) शिशिरकुमार ढुङ्गाना, उद्योग वाणिज्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, महालेखानियन्त्रक, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयका कर्मचारी, पत्रकार लगायत विभिन्न सरोकारवाला महानुभावहरुको उपस्थिति रहेको थियो ।

३. कार्यक्रमको स्वागत गर्नुहुँदै विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सहभागी तथा अतिथिहरुलाई स्वागत गर्नुहुँदै यस दिवसको औचित्य भनेको करको विषयमा आम उपभोक्ता तथा करदातालाई थप जागरुक बनाउने, कर सम्बन्धि अन्तर्क्रिया र बहस संचालन गर्ने, कर सम्बन्धि व्यवस्थाहरुको प्रचार प्रसार गर्ने र कर प्रणाली सुधारका लागि पृष्ठपोषण प्राप्त गर्ने रहेको बताउनुभयो। यसका साथै आजको दिन कर प्रशासनमा कार्यरत कर्मचारीहरुले पनि थप व्यवसायिक र कार्य क्षमता अभिवृद्धिका लागि प्रतिवद्धता व्यक्त गर्ने दिन रहेको व्यहोरा उल्लेख गर्नुभयो ।

४. कार्यक्रममा आर्थिक वर्ष २०७३।७४ मा करको परिपालना सहित सवै भन्दा बढी कर तिर्ने र मूल्य अभिवृद्धि कर सहभागिता राम्रो जनाई बढी कर तिर्ने विभिन्न व्यवसायिक क्षेत्रका बढी राजस्व दाखिला गर्ने १५ जना करदातालाई सम्मान गरिएको थियो । त्यस्तै विभाग र मातहत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्यसम्पादन गर्ने १० जना कर्मचारी, राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कविता र निबन्ध प्रतियोगितामा भाग लिई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीहरुलाई समेत पुरस्कृत गरियो ।

५. कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मा. अर्थमन्त्री डा. युवराज खतिवडाले हामीले तिरेको कर समृद्धिका सम्बाहक रहेको वताउनुहुँदै सही करदातालाई सही करारोपण हुनुपर्ने बताउनुभयो । बढी आय हुनेले बढी कर र कम आय हुनेले कम कर तिर्नुपर्ने बताउनुभयो । आम्दानीको आधारमा कर तिर्नुपर्ने भएकाले बढी कर तिर्नेमात्र नभई आफ्नो आयको आधारमा यथार्थपरक कर तिरेमा कम कर तिर्ने करदाता पनि उत्तिकै सम्मानित हुने व्यहोरा समेत उल्लेख गर्नुभयो। यस्तै कर प्रशासनलाई सरल, स्वच्छ र सुगम बनाई करको दायरा विस्तार गर्ने र स्वेच्छिक कर सहभागितामा जोड दिनुपर्ने उल्लेख गर्नुभयो । कर प्रशासन र नीजि क्षेत्र एक अर्काका परिपुरक रहेको बताउँदै आपसी सहकार्यका लागि निजीक्षेत्रसंग आह्वान समेत गर्नुभयो ।

६. यस्तैगरी अर्थसचिव राजन खनालले विद्यमान कर प्रणालीलाई कर प्रशासनको नीति विधि र कर संकलन प्रकृयामा सुधार गरी आधुनिक कर प्रणालीको रुपमा स्थापित गरिएको बताउनुभयो । कर प्रणाली जसरी सुदृढ हुँदै गएको छ त्यसैगरी खर्च प्रणालीमा पनि सुधार हुँदै गएको बताउँदै सरकारका सुधारका प्रयासहरु सकारात्मक दिशामा गएको व्यहोरा उल्लेख गर्नुभयो।

७. कार्यक्रमको समापन गर्नुहँदै सचिव (राजस्व) शिशिरकुमार ढुङ्गानाले सबै क्षेत्रलाई करको दायरामा ल्याउन चुनौती रहेको बताउनुहँदै सो कार्यमा निजी

क्षेत्रको सार्थक सहयोगको अपेक्षा गर्नुभयो। कर प्रणालीको क्षमता विस्तार गरी आर्थिक क्रियाकलापहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नुपर्ने कुरामा जोड दिँदै कर्मचारीलाई व्यवसायिक व्यवहार र दक्षताको प्रदर्शन गर्न समेत अनुरोध गर्नुभयो ।

८. नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले कर प्रशासन व्यवस्थित रुपमा अगाडि बढेमात्र देश समृद्ध हुने भएकाले करप्रणालीमा सकारात्मक सुधारहरुको खाँचो औँल्याउनुभयो । गाउँ-गाउँमा कर सचेतना र शिक्षा अभिवृद्धि गर्नुपर्ने र स्वच्छ व्यवसाय, स्वच्छ प्रशासन हुनुपर्नेमा जोड दिनुभयो ।

९. नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्माले स्वच्छ मनले व्यवसाय गर्न व्यवसायीलाई आग्रह गर्दै असल अभ्यासले कर तिर्ने करदातालाई सहयोग गर्न र नेपालमा औद्योगिक क्षेत्रमा काम गर्ने वातावरण सृजना गर्न नेपाल सरकारलाई आग्रह गर्नुभयो ।

१०. नेपाल चेम्बर अफ कमर्शका सभापति राजेशकाजी श्रेष्ठले कर विना राष्ट्र विकास हुन नसक्ने हुँदा स्वतः स्फूर्त रुपमा कर तिर्ने वातावरण सृजना गर्न आग्रह गर्नुभयो ।

११. राष्ट्रिय उद्योग व्यापार संगठनका अध्यक्ष श्याम बहादुर पाठकले समृद्धिका लागि ग्रामिण अर्थतन्त्र महत्वपूर्ण रहेको र ग्रामिण अर्थतन्त्र उकास्नलाई लघुउद्यमशीलताई प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो ।

१२. सातौं राष्ट्रिय कर दिवसका अवसरमा आयोजित कविता प्रतियोगितामा प्रथम, द्धितीय तथा तृतीय स्थान हासिल गर्ने क्रमशः ट्रिनिटी इन्टरनेशनल कलेज, डिल्लीबजारका ऋषिकेस लामिछाने, मोर्डन नेपाल कलेज, सोह्रखुट्टेकी दीक्षा पनेरु र मनोहर मा.वि, टोखाका निशा रोका मगरलाई पुरस्कृत गरिएको थियो । त्यसैगरी निबन्ध प्रतियोगितामा प्रथम, द्धितीय तथा तृतीय हुने नाईटिङ्गल

इन्टरनेशनल मा.वि., ललितपुरका प्रत्युष दाहाल, ग्लोवल कलेज अफ म्यानेजमेन्टकी आस्था न्यौपाने र सैनिक आवाशिय मा.वि., सल्लाघारीका प्राज्ञल खड्कालाई पुरस्कृत गरिएको थियो ।

१३. विभाग र मातहतका कार्यालयमा कार्यरत रहि उत्कृष्ट कार्यसम्पादन गरी पुरस्कृत हुनुभएका १० जना कर्मचारीहरुको नाम तपशिल बमोजिम रहेको छः

| सि.नं. | कर्मचारीको नाम | कार्यालयको नाम |
|---|---|---|
| १ | निर्देशक केदारनाथ शर्मा | आन्तरिक राजस्व विभाग |
| २ | शाखा अधिकृत, सतेन्द्रमोहन गुरङ्ग | आन्तरिक राजस्व विभाग |
| ३ | कर अधिकृत, कमला भुसाल अर्याल | आन्तरिक राजस्व कार्यालय, कलङ्की |
| ४ | कर अधिकृत, रामप्रकाश महतो | आन्तरिक राजस्व कार्यालय, जनकपुर |
| ५ | कर अधिकृत, कमलहरी खतिवडा | आन्तरिक राजस्व कार्यालय, टङ्गाल |
| ६ | नायब सुब्बा, नोदराज पौडेल | करदाता सेवा कार्यालय, इटहरी |
| ७ | नायब सुब्बा, विश्वशान्ति सुवेदी | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर |
| ८ | ह.स.चा. महेन्द्र श्रेष्ठ | ठूला करदाता कार्यालय |
| ९ | कार्यालय सहयोगी, रामकृष्ण कार्की | ठूला करदाता कार्यालय |
| १० | कार्यालय सहयोगी, चन्द्रिका न्यौपाने | आन्तरिक राजस्व कार्यालय, दाङ्ग |

१४. आर्थिक वर्ष २०७३।०७४ मा करको परिपालना सहित सवै भन्दा बढी कर तिर्ने र मूल्यअभिबृद्धि कर सहभागिता राम्रो जनाई वढी कर तिर्ने विभिन्नव्यवसायीक्षेत्रका १५ जना करदाताहरुको नाम तपशिल बमोजिम रहेको छः

## सातौं राष्ट्रिय कर दिवस, २०७५ मा पुरस्कृत हुने करदाताहरुको क्षेत्र र नाम

| क्र.सं. | क्षेत्र | स्थायी लेखा नं. | करदाताहरुको नाम |
|---|---|---|---|
| १ | सबैभन्दा बढी कर तिर्ने करदाता | 300020018 | सूर्य नेपाल प्रा.लि. |
| २ | निर्यातकर्ताहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 300020375 | डाबर नेपाल प्रा.लि. |
| ३ | उत्पादन/उर्जामूलक उद्योग (मदिरा र चुरोट वाहेक) मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 500054372 | हिमाल पावर लि. |
| ४ | कृषि एवं पशुपंछीजन्य उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 500211319 | प्रोवायटिक इण्डष्ट्रिज प्रा.लि. |
| ५ | सहकारी तथा लघु वित्त मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 300283349 | छिमेक लघुवित्त वित्तीय संस्था लि. |
| ६ | बैंक वित्तीय संथा तथा विप्रेषण कारोवार मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 500184567 | नबिल बैंक लि. |
| ७ | वीमा व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 602432159 | नेपाल पुनर्वीमा कम्पनी लि. |
| ८ | स्वास्थ्य तथा शिक्षा सेवा मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 301537544 | नोबल मेडिकल कलेज टिचिङ्ग हस्पिटल प्रा.लि. |

| | | | |
|---|---|---|---|
| ९ | सूचना प्रविधि सेवा मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 301906438 | एफ.१ सफ्ट इन्टरनेशनल प्रा. लि. |
| १० | पर्यटन व्यवसायी मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 300052637 | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड |
| ११ | व्यापार व्यवसायी मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 300045022 | सिप्रदि ट्रेडिङ्ग प्रा.लि. |
| १२ | वार्षिक रु.४० करोडसम्म कारोवार भएका मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 301986252 | नेपाल इन्भेष्टमेन्ट प्रा.लि. |
| १३ | वार्षिक रु.४० करोड देखि रु.८० करोडसम्म कारोवार भएका मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 500058242 | नेपाल धितोपत्र विनिमय बजार लि. |
| १४ | व्यक्तिगत आयकर तिर्नेहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | 100225965 | सिद्धार्थ शम्शेर ज.ब.रा. |
| १५ | मूल्य अभिबृद्धि कर २०६५।४।१ देखि २०७५ असार मसान्तसम्म समयमै कर विवरण र कर बझाएका करदाता तथा आ.व.२०७३।७४ मा सबैभन्दा बढी मू.अ.कर तिर्ने करदाता | 302697863 | घोराही सिमेन्ट प्रा.लि. |